# खेल ज : भूमिका खेल



**उद्देश्य :**

साथीहरूसँग, परिवारका सदस्यहरूसँग तथा समुदायका व्यक्तिहरूसँग परिवार नियोजन, प्रजनन् क्षमता, जन्मान्तर र जीवनको निर्णयको बारेमा छलफल गर्न अभ्यास गर्नु हो ।

**सामग्रीहरू :**

भुमिका गर्नुपर्ने चरित्र लेखिएका खरानी रंगका कार्डहरू (३२-३९ कार्डहरू) जसमा विभिन्न चरित्र जस्तै एउटा अविवाहित महिला वा छोरी, सासु, केटा वा पुरुष साथी, भर्खरै विबाह भएको केटा, केटी वा महिला साथी, स्वास्थ्य सेवा प्रदायक, धर्मगुरु, र नयाँ दुलही आदि हुन् ।

**मुख्य सन्देशहरू वा सिकाइ :**

- युवा वा युवतीलाई परिवार नियोजन र प्रजननको सम्बन्धमा जानकारी प्राप्त गर्न परिवार तथा साथिले सहयोग गर्नुपर्छ ।
- दम्पत्तीले आफुले जन्माउन चाहेका बच्चाको संख्या, उनीहरूको जन्मान्तर र गर्भवती हुने/नहुने सम्बन्धमा सहज तरिकाले छलफल गर्नुपर्छ ।

परिचय :

आज हामी एउटा खेल खेल्दैछौ जसमा तपाई आफ्नो समुदायमा भएका विभिन्न मानिसहरूसँग परिवार नियोजनका साधनको बारेमा कुराकानी गर्ने अभ्यास सम्बन्धि भूमिका निर्वाह गर्नुहुनेछ । यस्तो प्रकारको कुराकानीले साथीहरू तथा परिवारको बीचमा परिवार नियोजनको बारेमा धेरै कुराहरू गर्न सिकाउनुकोसाथै थप बच्चाको चाहना नहुँदा कसरी गर्भवती हुनबाट बच्ने भन्ने सम्बन्धमा समेत छलफल गर्न सक्नुहुनेछ ।

छलफल:

**?** परिवार नियोजनको बारेमा बिभिन्न ब्यक्तिहरुसंग कुरा गर्न कत्तिको अप्ठ्यारो थियो ? किन ?

**?** परिवार नियोजनको बारेमा बिभिन्न ब्यक्तिहरुसंग कुरा के के फाईदा हुन सक्छ ?

खेल विधि :

- भूमिका कार्डहरूबाट केही भूमिका छान्नुहोस् (जस्तै ५ वटा कार्ड) र अब त्यसमध्ये तपाईको जिल्लाको परिवेशसँग मिल्ने कुन-कुन हुन सक्छन् रोज्न भन्नुहोस् ।
- तपाईले छानेको कार्डहरूलाई एक एक गरी माथि उठाएर देखाउनुहोस् । हरेक भूमिकाको परिचय दिइसकेपछि सहभागीहरूलाई यदि त्यहाँ भएका व्यक्तिलाई तपाईले भेट्नु भयो भने परिवार नियोजन वा आफ्नो जीवनको निर्णयबारे के-के कुराहरू भन्नुहुन्छ, सोच्नका लागि भन्नुहोस् ।
- अब, भूमिका गर्नुपर्ने कार्डहरू सहभागीहरूलाई बाँडिदिनुहोस् ।



भूमिका कार्ड बोकेका सहभागीहरुले चरित्र कार्ड नबोकेका सहभागीहरू खोज्न र जोडी जोडीमा आमुने-सामुने गरी एउटा लाइनमा बस्न भन्नुहोस् ।

- वर्णन गर्ने : भूमिका कार्ड बोक्ने सहभागी त्यो कार्ड अनुसारको व्यक्ति हो भनी बुझाउने र कार्ड नबोक्ने प्रत्येक व्यक्ति एउटी महिला हो जो उक्त व्यक्तिसँग परिवार नियोजन सम्बन्धि कुराकानी गर्न चाहन्छिन् । कार्ड वा जोडीमा नभएका सहभागीहरुले कुराकानिको अवलोकन गर्नु पर्ने छ ताकि तपाईहरुको अनुभव छलफलको क्रममा सुनाउन सक्नुहुने छ ।

  त्यसपछि परिवार नियोजन सम्बन्धि कुराकानी गर्न चाहने व्यक्तिले भूमिका कार्ड बोकेको व्यक्तिसँग परिवार नियोजनको बारेमा जान्नु किन महत्वपूर्ण छ र परिवार नियोजनको साधन किन प्रयोग गर्नुपर्छ भन्ने बारेमा कुराकानी गर्न शुरु गर्नुपर्छ । कुराकानीको लागी २ मिनेट भएको जनकारी गराउने ।

### छलफल :

? भूमिका भएका ब्यक्तिहरुसंग परिवार नियोजनको बारेमा कुराकानी गर्न कत्तिको अप्ठ्यारो थियो ? किन ?

? परिवार नियोजन सम्बन्धि कुराकानी गर्न के कुराले सजिलो बनाउन सक्छ ?

### बर्णन गर्ने :

- अब जोडी बन्ने र कुरा गर्ने पालो अर्को सहभागीलाई दिने । अब भूमिका कार्ड लिएको ब्यक्तिले सो कार्ड अगाडी महिलाको भुमिका खेलेको ब्यक्तिलाई दिने ।

त्यसपछि कार्ड लिएको ब्यक्तिले परिवार नियोजन सम्बन्धि कुराकानी गर्न चाहाने नयाँ जोडी खोज्ने पर्ने छ र अरु सहभागीले अवलोकन गर्नु पर्ने छ । प्रत्येक जोडीलाई कुराकानीको लागी २ मिनेट दिएको जनकारी गराउने ।

### छलफल :

? के अहिले परिवार नियोजनको बारेमा कुराकानी गर्न सहज भयो ? किन ?

? तपाईहरुलाई कुन भूमिकाका ब्यक्तिसंग परिवार नियोजन सम्बन्धि कुराकानी गर्न गाह्रो भयो ?

### बर्णन गर्ने :

अब जोडी बन्ने र कुरा गर्ने पालो फेरी अर्को सहभागीलाई दिने । अब चरित्र कार्ड लिएको ब्यक्तिले सो कार्ड अगाडी महिलाको भुमिका खेलेको ब्यक्तिलाई दिने ।

त्यसपछि कार्ड लिएको ब्यक्तिले परिवार नियोजन सम्बन्धि कुराकानी गर्न चाहाने नयाँ जोडी खोज्ने पर्ने छ र अरु सहभागीले अवलोकन गर्नु पर्ने छ । प्रत्येक जोडीलाई कुराकानीको लागी २ मिनेट दिएको जनकारी गराउने ।

### **छलफल :**

? वास्तविक जीवनमा यस्तै प्रकारका कुराकानी भएका कुनै अनुभव कोही सहभागीसँग भए सुनाउन चाहनुहुन्छ ? ती कुराकानीहरू सहज थिए कि कठिन थिए ? किन ?

| |
|---|
| तपाईले आज सिक्नु भएको एउटा कुरा के हो जुन तपाई आफ्नो साथी वा परिवारका सदस्यसँग छलफल गर्नुहुन्छ ?<br>तपाईलाई परिवार नियोजन सम्बन्धि कुनै प्रश्नहरू वा जिज्ञासा भएमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोला । |